आ.व. २०८२/८३
बैठक: गाउँ कार्यपालिका
अध्यक्षता : गाउँपालिका अध्यक्ष पित बहादुर महतरा क्षेत्री

बैठक संख्या: ९/०८२/०८३
मिति :२०८२/१०/२७
स्थान: झि.गा.पा. सभाहल
समय : दिनको: १:०० बजे

झिमरुक गाउँ कार्यपालिकाको बैठक झिमरुक गाउँपालिकाका अध्यक्ष श्री पित बहादुर महतरा क्षेत्रीज्यूको अध्यक्षता र देहायको उपस्थितिमा बसी निम्न बमोजिमको प्रस्ताव माथि छलफल गरी देहाय वमोजिम निर्णय गरियो ।

**उपस्थिति**

| हस्ताक्षर | नाम,थर | पद | ठेगाना | कार्यपालिका |
|---|---|---|---|---|
| | पित बहादुर महतरा क्षेत्री | गा.पा. अध्यक्ष | झि.गा.पा-३ | अध्यक्ष |
| | प्रमोद पोखेल | गा.पा. उपाध्यक्ष | झि.गा.पा-३ | सदस्य |
| | ध्रुवराज खनाल | वडा अध्यक्ष | झि.गा.पा-१ | सदस्य |
| | कृष्ण प्रसाद पोखेल | वडा अध्यक्ष | झि.गा.पा-२ | सदस्य |
| | मिनबहादुर खत्री | वडा अध्यक्ष | झि.गा.पा-३ | सदस्य |
| | सिताराम पोखेल | वडा अध्यक्ष | झि.गा.पा-४ | सदस्य |
| | दधिराम पोखेल | वडा अध्यक्ष | झि.गा.पा-५ | सदस्य |
| | धन बहादुर पुन | वडा अध्यक्ष | झि.गा.पा-६ | सदस्य |
| | कृष्ण बहादुर जि.सी. | वडा अध्यक्ष | झि.गा.पा-७ | सदस्य |
| | तुंलस बहादुर बस्नेत | वडा अध्यक्ष | झि.गा.पा-८ | सदस्य |
| | संगिता परियार | द.महिला वडा सदस्य | झि.गा.पा-८ | सदस्य |
| | पार्वता बि.क. | द.महिला वडा सदस्य | झि.गा.पा-४ | सदस्य |
| | तुलसा के.सी. | महिला वडा सदस्य | झि.गा.पा-४ | सदस्य |
| | कल्पना थापा (एम.सी.) | महिला वडा सदस्य | झि.गा.पा-३ | सदस्य |
| | चोप बहादुर बि.क | अल्पसंख्यक सदस्य | झि.गा.पा-१ | सदस्य |
| | हरी सुनार | अल्पसख्यक सदस्य | झि.गा.पा-४ | सदस्य |
| | अमरराज सेजुवाल | प्रमुख प्रशासकीय अधिकृत | झि.गा.पा. | सचिव |

**अन्य उपस्थिति/आमन्त्रित**

| हस्ताक्षर | नाम,थर | पद |
|---|---|---|
| | हरि प्रसाद पोखेल | प्रशासन शाखा प्रमुख (अधिकृत छैठौं) |
| | दामोदर उपाध्या | का.स. |

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. १ गत बैठकको समिक्षा सम्वन्धमा ।**

झिमरुक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भ्यागुते, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

**निर्णय नं १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा झिमरुक गाउँ कार्यपालिकाको मिति २०८२/९/२५ गते बसेको आ.व. २०८२/८३ को आठौं बैठकसम्म कूल बजेटको ३१.९२ प्रतिशत वित्तिय खर्च भएकोमा हाल उक्त वित्तीय खर्च बढेको, हाट बजारलाई व्यवस्थित गर्न मिति २०८२ माघ ४ गते गाउँपालिकाको सभाहलमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने निर्णय गरिएकोमा विविध कारणले अन्तरक्रिया कार्यक्रम सम्पन्न हुन नसकेको, गाउँसभाको १९ औं अधिवेशन पुस २७ गते तोकिएका कार्यसूची सहित सम्पन्न भएको, योजना तथा कार्यक्रमहरु संशोधन, रकमान्तर र स्रोतान्तरको प्रस्ताव स्वीकृत गरी सभाबाट पारित भएकोमा सोही वमोजिम कार्यान्वयनको प्रक्रिया अगाडि बढेको, कार्यपालिका बैठकबाट विभिन्न ऐन, कार्यविधिहरु स्वीकृत गरी सभामा पेस गरिएकोमा सभाबाट पारित भएको, आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८१ संशोधन गरिएकोमा संशोधित कार्यविधि बमोजिम आर्थिक सहायता उपलब्ध गराउने कार्य अगाडि बढेको, योजना/आयोजनाको सम्झौता गर्ने म्याद मिति २०८२ माघ ८ गतेसम्म थप गरिएकोमा उक्त दिनसम्म जम्मा २७३ बटा आयोजनाहरु मात्र सम्झौता भएको र कतिपय आयोजनाहरु सम्झौता गर्न बाँकी रहेको, विभिन्न व्यक्तिलाई आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरिएकोमा आर्थिक सहायता उपलब्ध गराईएको लगायतका विषयहरुमा समिक्षा गरियो ।

**प्रस्ताव नं २ संघीय समपुरक र विषेशतर्फको आयोजना छनोट सम्वन्धमा ।**

**निर्णय नं. २**

प्रस्ताव नं २ माथि छलफल गर्दा राष्ट्रिय योजना आयोगको आ.व. २०८३/८४ का लागि संघीय समपुरक अनुदान र विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना वा कार्यक्रमका लागि प्रस्ताव आह्वान गर्ने सम्वन्धी मिति २०८२/०८/२९ गतेको सूचना अनुसार आ.व. २०८३/८४ मा संघीय सरकारमा संघीय समपुरक अनुदानतर्फ बाग्दुला बतासेडाँडा मच्छी लामासेरा झिमरुक गा.पा. पहुँचमार्ग अन्तर्गत (बतासेडाडा -.मच्छी खण्ड कालोपत्रे) आ.व. २०८२/८३ देखि २०८४/८५ सम्म बहुवर्षिय आयोजनालाई निरन्तरता दिने र उक्त आयोजनाको संघीय समपुरकको बहुवर्षिय योजनाको रुपमा गाउँपालिकाको समपुरक समेत गरी रु ७ करोड र गाउँपालिकाले २ करोड १० लाख रुपैंया स्रोतको सुनिश्चितता गरी २०८२/८३ देखि २०८४/८५ सम्मको लागि बहुवर्षिय योजनाको रुपमा जम्मा रु ९ करोड १० लाखबाट बतासेडाँडा-मच्छी खण्डको सडकको कालोपत्रे कार्यको लागि कार्यान्वयनको प्रक्रिया अगाडि वढाएकोमा उक्त बजेटबाट बतासेडाँडा -.मच्छी खण्डको कुल लम्बाई ५.३ कि.मि. मध्ये १.८ कि.मि. घुम्नेठाँटीसम्म मात्र कालोपत्रे हुने भएको हुँदा ३.५ कि.मि. सडक कालोपत्र हुन बाँकी रही निर्माण कार्य अधुरो र अलपत्र हुने भएकाले आगामि आ.व. २०८३/८४ देखि आ.व. २०८५/८६ सम्मको लागि उक्त उल्लिखित घुम्नेठाँटीदेखि ज्यामुरखोला मच्छी खण्डसम्म कालोपत्रे गर्न नयाँ आयोजनाको रुपमा बजेट स्रोतको सुनिश्चित गरी संघीय समपुरकतर्फको आयोजना र विशेष अनुदान अन्तर्गत तपसिल वमोजिमका आयोजना तथा कार्यक्रमहरु छनोट गरिएकोले मागको लागि पठाउने सर्वसम्मत निर्णय गरियो ।

**संघीय समपुरक अनुदानतर्फ क्रमागत**

| क्र.स. | योजनाको नाम | ठेगाना | वजेट रकम(रु लाखमा) | | | | मूलभूत क्षेत्र |
|---|---|---|---|---|---|---|---|
| १ | बाग्दुला बतासेडाडा मच्छी लामासेरा झिमरुक गा.पा. पहुँचमार्ग अन्तर्गत ( बतासेडाडा -.मच्छी खण्ड कालोपत्रे) आ.व. २०८२/८३ देखि २०८४/८५ बहुवर्षिय आयोजना | झिमरुक गाउँपालिका वडा नं.६, ५ | आ.व. | संघीय समपुरक (७० %) | गा.पा.को दायित्व (३० %) | जम्मा | (पूर्वाधार क्षेत्र) सहज रुपमा आवतजावतको व्यवस्था मिलाउनु र गाउँपालिकाको प्रशासकीय भवन,बालशिक्षा मा.वि.र ओखरकोट स्वास्थ्य चौकीसम्म सबैको पहुंच पुऱ्याउनु |
| | | | २०८२/८३ | २८० | १२० | ४०० | |
| | | | २०८३/८४ | १४० | ६० | २०० | |
| | | | २०८४/८५ | ७० | ३० | १०० | |
| | | | जम्मा | ४९० | २१० | ७०० | |

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

संघीय समपुरक अनुदानतर्फ आ.व. २०८३/८४ देखि आ.व.२०८५/८६ सम्मको बहुवर्षिय आयोजना

| क्र.स. | योजनाको नाम | ठेगाना | वजेट रकम(रु लाखमा) | | | | मूलभूत क्षेत्र |
|---|---|---|---|---|---|---|---|
| १ | बाग्दुला बतासेडाँडा मच्छी लामासेरा झिमरुक गा.पा. पहुँचमार्ग अन्तर्गत (घुम्नेठाँटी - ज्यामुरखोला मच्छी खण्ड कालोपत्रे) आ.व. २०८३/८४ देखि २०८५/८६ सम्म बहुवर्षिय आयोजना | झिमरुक गाउँपालिका वडा नं.६, ५ | आ.व. | संघीय समपुरक (७० %) | गा.पा.को दायित्व (३० %) | जम्मा | (पूर्वाधार क्षेत्र) सहज रुपमा आवतजावतको व्यवस्था मिलाउनु र गाउँपालिकाको प्रशासकीय भवनसम्म सबैको पहुँच पुऱ्याउन |
| | | | २०८३/८४ | २८० | १२० | ४०० | |
| | | | २०८४/८५ | १४० | ६० | २०० | |
| | | | २०८५/८६ | ७० | ३० | १०० | |
| | | | जम्मा | ४९० | २१० | ७०० | |

**विशेष अनुदान तर्फ**

| क्र.स | योजनाको नाम | ठेगाना | वजेट रकम रु | मुलभूत क्षेत्रहरु |
|---|---|---|---|---|
| १. | झिमरुक गाउँपालिकाका भित्र रहेका आधारभूत स्वास्थ्य संस्थाहरुमा गुणस्तर सुधारको लागि उपकरण, प्रयोगशाला सामाग्री, औषधी र शैया खरिद तथा पूर्वाधार निर्माण | झिमरुक गाउँपालिका क्षेत्र भित्र रहेका स्वास्थ्य संस्थाहरु | २,००,००,०००। | गुणस्तरिय स्वास्थ्य सेवा उपलब्ध गराउन। |
| २ | उत्पादन र उत्पादकत्व वृद्धि एवं आय आर्जन तथा जिविकोपार्जन सुधारको लागि कृषि उपज संकलन केन्द्र निर्माण तथा कृषि एम्बुलेन्स व्यवस्थापन | झिमरुक गाउँपालिका | १,००,००,०००। | व्यवसायिक कृषि प्रवर्द्धनमा सहयोग पुऱ्याउन। |

**प्रस्ताव नं.३ सडक वोर्डको आयोजना छनोट सम्बन्धमा।**

**निर्णय नं.३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा सडक बोर्ड, नेपालको च.नं. ६७९ मिति २०८२/९/२८ गतेको आ.व. २०८२/८३ को वजेट स्वीकृत सम्वन्धी पत्र अनुसार स्थानीय सडक मर्मत संभार कार्यको लागि व.उ.शी नं. ३३७३१०११३ अन्तर्गत रु १० लाख ३० हजार स्वीकृत भई आएकोले प्राप्त रकमलाई ९० प्रतिशत मानी गाउँपालिकाबाट १० प्रतिशत लागत साझेदारी गर्नको लागि म्याचिङ्गफण्ड शीर्षकबाट रु १ लाख १४ हजार ४ सय ४५ रुपैंया रकम साझेदारी गरी तपसिल बमोजिमको आयोजना छनोट गर्ने सर्वसम्मत निर्णय गरियो। साथै उक्त आयोजनाहरु उपभोक्ता समितिवाट कार्यान्वयन गर्न नियमानुसार समिति गठन गरी सम्झौता प्रकिया अगाडि वढाउने र आवश्यक कागजातहरु सडक बोर्ड नेपाल, मिनभवन, काठमाडौंमा पठाउने निर्णय गरियो।

**तपसिल**

| क्र.स | आयोजनाको नाम | सडक बोर्डको रकम | ग.पा.को लागत साझेदारी | उपभोक्ताहरुको लागत साझेदारी | जम्मा रकम रु |
|---|---|---|---|---|---|
| १ | झिमरुक गा.पा. प्रशासकीय भवनको वाहिरी मुलगेटदेखि चुधरी खोलासम्म जाने मोटरबाटो स्तरउन्नती | १०,३०,०००। | १,४४,४४५। | १,१४,४४५। | १२,८८,८९०। |

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

झिमरुक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भ्यागुते, प्युठान
लुम्बिनी प्रदेश, नेपाल

**प्रस्ताव नं. ४ सम्झौता हुन बाँकी रहेका आयोजनाहरु सम्वन्धमा।**

**निर्णय नं.४**

प्रस्ताव नं ४ माथि व्यापक छलफल गर्दा झिमरुक गाउँपालिकाको मिति २०८२ पुस २५ गते बसेको बैठकवाट माघ ८ गतेसम्म आयोजनाहरुको सम्झौता गर्ने निर्णय गरिएकोमा उक्त मितिसम्म जम्मा २७३ बटा मात्र योजना सम्झौता भएको हुँदा सम्झौता हुन बाँकी रहेका योजनाहरुकोहकमा अन्तिम पटकको लागि मिति २०८२ साल फागुन १० गतेसम्म सम्झौता गर्नको लागि म्यादथप गर्ने र उक्त समयसम्म सम्झौता हुन नसकेका आयोजनाहरुको रकम रकमान्तर गरिने सर्वसम्मत निर्णय गरियो।

**प्रस्ताव नं. ५ वडा नं. २ को वडा कार्यालय भवन निर्माण सम्बन्धमा।**

**निर्णय नं. ५**

प्रस्ताव नं ५ माथि छलफल गर्दा झिमरुक गाउँपालिका वडा नं. २ को वडा कार्यालयको कामकाज पुरानो भवनबाट सञ्चालन हुँदै आएकोमा चालु आ.व.२०८२/८३ मा २ नं. वडा कार्यालय भवन निर्माण तर्फ रु ५५ लाख रकम विनियोजन गरिएकोमा रु ९० लाख बरावरको लागत स्टमेट तयार भएकोले गाउँपालिकाबाट वहुवर्षिय आयोजनाको रुपमा रु ३५ लाख बरावरको स्रोतको सुनिश्चितता गरी वहुवर्षिय ठेक्का लगाउने सर्वसम्मत निर्णय गरियो।

**प्रस्ताव नं. ६ राष्ट्रिय रोजगार प्रर्वद्धन कार्यक्रम सम्बन्धमा।**

**निर्णय नं. ६**

प्रस्ताव नं ६ माथि छलफल गर्दा झिमरुक गाउँपालिका आ.व. २०८२/८३ को लागि संघिय सरकारबाट हस्तान्तरित रु ३२ लाख ७२ हजार रकम स्वीकृत भई आएको हुँदा उक्त बजेट मध्येबाट वडा कार्यालयमा सूचीकृत भएका बेरोजगार व्यक्तिहरुलाई क्रमिक रुपमा १०० दिन वरावर काममा लगाई ज्याला भुक्तानी गर्ने प्रयोजनको लागि प्रत्येक वडाबाट घटिमा १/१ लाखका वढिमा ४/४ वटा आयोजनाहरु छनोट गरी वडा समितिको निर्णय सहित गाउँपालिकामा १ हप्ताभित्र पेस गर्ने र संघीय सरकारबाट प्राप्त रकमको ५० प्रतिशतले हुन आउने रकम गाउँपालिकाले म्याचिङ्गफण्ड शीर्षकमा विनियोजन गएिकोमा उक्त बजेटबाट म्याचिङ्ग गरी **राष्ट्रिय रोजगार प्रर्वद्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२** दफा ४ मा उल्लिखित कार्यक्रमहरु र दफा ५ ले तोके बमोजिमका लक्षित वर्गहरुलाई समेट्ने गरी कार्यक्रमहरु सञ्चालन गर्नको लागि वडा समितिबाट निर्णय गरी मिति २०८२ साल फागुनको पहिलो हप्ताभित्र गाउँपालिका **स्थानीय कार्यक्रम कार्यान्वयन समितिमा** पठाउन वडा कार्यालयमा जानकारी गराउने र तत्पश्चात स्थानीय कार्यक्रम कार्यान्वयन समितिको बैठक बसी वडाहरुवाट आएका र थप योजना तथा कार्यक्रमहरुलाई एकमुष्ट रुपमा समावेश गरी कार्यान्वयनको चरणमा लैजाने सर्वसम्मत रुपमा निर्णय गरियो।

**प्रस्ताव नं. ७ विविध सम्बन्धमा।**

**विविध (क) बजेट स्रोतको सुनिश्चिता गर्ने सम्वन्धमा।**

**निर्णय नं. ७ (क)**

**प्रस्ताव नं. ७** विविध (क) माथि छलफल गर्दा झिमरुक गाउँपालिका अन्तर्गत तपसिलमा रहेका आयोजनाहरुको तत्काल व्यवस्थापन तथा मर्मत गर्नु पर्ने भएको हुँदा मिति २०८२ साल फागुन १० गतेभित्र सम्झौता हुने गरी देहाय बमोजिमको शीर्षकबाट व्यस्थापन तथा मर्मतको कार्य गर्न स्रोतको सुनिश्चितता गरी कार्यान्वयनको प्रक्रिया अगाडि वढाउने सर्वसम्मत निर्णय गरियो। साथै झिमरुक गाउँपालिकाको लागि आ.व. २०८२/८३ मा देहाय वमोजिमका शीर्षकमा वजेट रकम अपुग भई कार्यान्वयन गर्न कठिनाई भएका कारण स्रोतको सुनिश्चित गर्नुपर्ने भएको हुँदा तपसिल बमोजिमको शीर्षकबाट रकमान्तर गर्ने सर्वसम्मत निर्णय गरियो।

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

तपसिल

| क्र.स. | योजनाको नाम | ठेगाना | बजेट शीर्षक | बिनियोजित बजेट रकम |
|---|---|---|---|---|
| १. | ओखरकोट स्वास्थ्य एकाई व्यवस्थापन | झिमरुक-५, ओखरकोट | झिमरुक गाउँपालिका भित्रका शौचालय तथा भवन मर्मत | ३,००,०००। |
| २. | दिपेन्द्र प्रा.वि. शौचालय मर्मत | झिमरुक-१, डाँडाखर्क | आयोजना पूर्व विस्तृत सर्भेक्षण DPR परामर्श | ५०,०००। |
| ३. | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च | झिमरुक गा.पा. | अन्य कार्यालय सञ्चालन खर्च | १,००,०००। |
| | | | मसलन्दतथा कार्यालय सामाग्री खरिद | २,००,०००। |
| | | | घर भाडा | ३,००,०००। |
| | | | विविध खर्च | १,००,०००। |
| | | | गाउँ सभा सञ्चालन | २,००,०००। |
| | | | अनुगमन मूल्याङ्कन खर्च | ३,००,०००। |
| | | | कार्यालयको लागि आवश्यक छपाई खर्च रु | २,००,०००। |
| | | | **जम्मा रकम रु** | **१४,००,०००।** |
| ४. | लैगिंक समता परीक्षण | झिमरुक गा.पा. | कार्यक्रम सम्बन्धी खर्च | ३०,०००। |
| ५. | मतदाता शिक्षा कार्यक्रम | झिमरुक गा.पा. | कार्यक्रम सम्बन्धी खर्च | ३०,०००। |

**विविध (ख) मदन भण्डारी राजमार्गको निर्माणको क्रममा भएको क्षतिको विवरण सम्बन्धमा।**

**निर्णय नं. (ख)**

प्रस्ताव नं ७ विविध (ख) माथि छलफल गर्दा मदन भण्डारी राजमार्ग अन्तर्गत झिमरुक गाउँपालिका क्षेत्रभित्र पर्ने ( सौतामारे पोखरीछेडा-मच्छी खण्ड) सडक निमार्ण कार्यन्वयनको क्रममा क्षति भएको घरवास, खानेपानी,सिंचाई आयोजनाहरु लगायत कुन कुन क्षेत्रमा के कति क्षति भएको छ सोको यर्थाथ विवरण प्राविधिक कर्मचारी समेतको सहयोगमा संकलन गरी गाउँपालिकाको कार्यालयमा मिति २०८२ साल फागुनको पहिलो हप्ता भित्र पठाउने र क्षतिपूर्ति मागका लागि सम्वन्धित राजमार्ग अन्तर्गत पर्ने वडाहरुको एकिकृत विवरण संकलन पश्चात मदन भण्डारी राजमार्ग आयोजना कार्यालय, तम्घास, गुल्मीमा जाने सर्वसम्मत निर्णय गरियो।

**विविध (ग) स्थानीय कार्यक्रम कार्यान्वयन समितिलाई पूर्णता दिने सम्वन्धमा।**

**निर्णय नं. (ग)**

प्रस्ताव नं ७ विविध (ग) माथि छलफल गर्दा स्थानीय तहमा राष्ट्रिय रोजगार प्रर्वद्धन कार्यक्रमको सञ्चालन गर्न र श्रम तथा रोजगारसँग सम्वन्धित सेवा प्रभावकारी रुपले व्यवस्थापन र सञ्चालन गर्न **राष्ट्रिय रोजगार प्रर्वद्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२** को दफा ११ को (च) लाई पूर्णता दिन झिमरुक गाउँपालिका अन्तर्गत सिटिजन्स बैक ईन्टरनेश्नल लिमिटेड, मच्छी शाखाका प्रबन्धकलाई प्रतिनिधिको रुपमा सदस्य मनोनयन गर्ने सर्वसम्मत निर्णय गरियो।

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

**विविध (घ) सामाजिक सुरक्षा कोषमा आवद्धता गर्ने सम्वन्धमा ।**
**निर्णय नं. (घ)**
प्रस्ताव नं ७ विविध (घ) माथि छलफल गर्दा नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०८२/०१/०१ गते नेपाल राजपत्रमा प्रकाशित भएको सूचना तथा सामाजिक सुरक्षा कोष, (सूचीकरण शाखा) थापाथली, काठमाडौंको च.नं.२५० मिति २०८२/९/१७ गतेको सामाजिक सुरक्षा कोषमा आवद्धता सम्बन्धी पत्र वमोजिम यस झिमरुक गाउँपालिका अन्तर्गत कार्यालयहरुमा करार सेवामा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा २ को खण्ड (ज) र दफा ७, योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५ को नियम २ खण्ड (घ), लुम्बिनी प्रदेश सरकार स्थानीय निजामति सेवा ऐन, २०८१ को दफा १४३ र स्थानीय निजामति सेवा नियमावली, २०८१ को नियम ११८ ले दिएको अधिकार प्रयोग गरी सामाजिक सुरक्षा कोषमा आवद्धता गर्ने सर्वसम्मत निर्णय गरियो । साथै सामाजिक सुरक्षाकोषमा आवद्धताको लागि नियमानुसार कार्यान्वयनको लागि प्रक्रिया अगाडि वढाउने निर्णय गरियो ।

**विविध (ङ) खानेपानी, सिंचाई र विद्युतिकरण सम्बन्धी आयोजनाहरुको विवरण माग सम्वन्धमा ।**
**निर्णय नं. ( ङ )**
**प्रस्ताव नं. ७** विविध (ङ) माथि छलफल गर्दा झिमरुक गाउँपालिका अन्तर्गतका ८ वटै वडाहरुमा तत्तकाल निर्माण तथा मर्मत गर्नुपर्ने खानेपानी, सिंचाई र विद्युतिकरणसँग सम्बन्धी आयोजनाहरुको विवरण वडा कार्यालयबाट तयार गरी समितिको निर्णय सहित मिति २०८२ फागुन पहिलो हप्ताभित्र गाउँपालिकाको कार्यालयमा पठाउन वडा कार्यालयलाई जानकारी गराउने र आयोजनाहरुको विवरण प्राप्त पश्चात सो योजनाहरुसँग सम्वन्धित जिल्ला स्थित संघीय र प्रदेश कार्यालयका प्रमुखहरुलाई गाउँपालिकाको कार्यालयमा आमन्त्रण गरी निर्माण तथा मर्मतको लागि अनुरोध गर्ने निर्णय गरियो ।

**विविध (च) आर्थिक सहयोग सम्वन्धमा ।**
**निर्णय नं. (च)**
प्रस्ताव नं ७ विविध (च) माथि छलफल गर्दा तपसिल बमोजिमका व्यक्तिहरुबाट आर्थिक सहायता मागको लागि पेस भई आएका निवेदनको विषयमा व्यापक छलफल गरी तपसिलमा उल्लिखित शीर्षकवाट देहाय बमोजिमको आर्थिक सहयोग रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरिया

<u>तपसिल</u>

| क्र.स. | आर्थिक सहयोग माग गर्ने व्यक्तिको नाम ठेगाना | आर्थिक सहयोग उपलब्ध गराउने प्रयोजन | रकम रु | शीर्षक |
|---|---|---|---|---|
| १. | झिमरुक-४,गोठाक्ना निवासी थम्मन बहादुर घर्तिमगरले आर्थिक सहायता सम्बन्धी पेस गरेको निवेदन अनुसार | निवेदकका दुवै खुट्टा आगोले जलेर गम्भिर घाईते भएको भई अस्पतालमा उपचाररत रहेकोले थप उपचार खर्चको लागि आर्थिक सहयोग | २५,०००। | आर्थिक सहायता |
| २ | झिमरुक-२,काउले निवासी सीता महतराले आर्थिक सहायता सम्बन्धी पेस गरेको निवेदन अनुसार | निवेदक श्वासप्रश्वास (दम) सम्बन्धी रोगबाट ग्रसित भइ अस्पतालमा उपचाररत रहेकोले थप उपचार खर्चको लागि आर्थिक सहयोग | २०,०००। | आर्थिक सहायता |

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

विविध (छ) डम्पिङ्ग साईड वनाउने सम्वन्धमा ।

निर्णय नं. ( छ )

**प्रस्ताव नं. ७** विविध (छ) माथि छलफल गर्दा उद्योग वाणिज्य संघ झिमरुक वजार क्षेत्र मच्छी, प्युठानको मिति २०८२/१०/२७ गतेको प्राप्त पत्रानुसार मच्छी वजार क्षेत्रका व्यापारी, उद्योगी होटल व्यवसायी बुद्धिजिवी, घरधनी लगायतको उपस्थितिमा आमभेलाबाट झिमरुक गाउँपालिका वडा नं.५ स्थित छाप्रे भन्ने स्थानमा डम्पिङ्ग साईड (फोहोर फाल्ने स्थान) को निश्चित गरेको हुँदा उक्त स्थानमा डम्पिङ्ग साईट बनाउन उपयुक्त हुने देखिएकोले झिमरुक गाउँपालिका वडा नं. ४, ५ र ६ को वडा कार्यालयको सिफारिस माग गरी डम्पिङ्ग साईड (फोहोर फाल्ने स्थान) को निर्माणको कार्य प्रक्रिया अगाडि वढाउने सर्वसम्मत निर्णय गरियो ।

**विविध(ज) बहुक्षेत्रीय पोषण योजनाको कार्यक्रम स्वीकृत सम्वन्धमा ।**

**निर्णय नं.(ज)**

प्रस्ताव नं. ७ विविध (ज) माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.१०६ मिति २०८२/५/२९ गतेको पत्रबाट प्राप्त वहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८२ अनुसार आ.व. २०८२/८३ को लागि मिति २०८२/९/२५ गते बसेको वहुक्षेत्रीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको वैठकवाट सिफारिस भै आएको तपसिलमा उल्लिखित कार्यक्रम सञ्चालन गर्न सर्वसम्मत स्वीकृत प्रदान गरियो ।

**बहुक्षेत्रीय पोषण योजनाको आ. व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम तथा योजना**

| क्र. सं | विषयगत क्षेत्र | क्रियाकलापहरु | इकाई | प्रति इकाई मूल्य | जम्मा रकम | स्रोत नेपाल सरकार/युरोपियन युनियन |
|---|---|---|---|---|---|---|
| (क) | शासकीय प्रबन्ध क्षेत्र | गाउँपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको वैठक | २ | ३०,०००। | ६०,०००। | युरोपियन युनियन |
| | | वडा स्तरीय समितिको वैठक | ८ | १५,०००। | १२०,०००। | युरोपियन युनियन |
| | | वितरण गरीएका अनुदान कार्यक्रमको अनुगमन | २ | ५०,०००। | ५०,०००। | युरोपियन युनियन |
| | | पोषण सहजकर्ताको लागि पारिश्रमिक | १३ महिना | | ३००,०००। | नेपाल सरकार |
| | | | | | ५३०,०००। | |
| जम्मा | | | | | | |
| (ख) | स्वास्थ्य क्षेत्र | उमेर अनुसारको थप खानाको प्रर्दशन ८ वटा वडामा | ८ | १२५००। | १००,०००। | युरोपियन युनियन |
| | | वृद्धि अनुगमन २४ पटक पुगेको वच्चाको आमालाई सम्मान कार्यक्रम | ८ | १२५००। | १००,०००। | युरोपियन युनियन |
| | | सामुदायिक महिला स्वास्थ्य स्वयमसेविकालाई पोषण तथा स्वास्थ्य सम्वन्धि अभिमुखिकरण | १ | १००,०००। | १००,०००। | युरोपियन युनियन |
| | | पोषणमैत्री नमूना टोल निर्माण सम्वन्धमा सुनौलो हजार दिनका आमाहरुलाई अभिमुखीकरण | १ | | १००,०००। | युरोपियन युनियन |
| | | सामुदायिक महिला स्वास्थ्य स्वयमसेविका र सुनौलो हजार दिनका आमाहरुको समुहहरुलाई पोषणमैत्री स्थानीय शासन र वहुक्षेत्रीय पोषण कार्यक्रम सम्वन्धमा १ दिने अभिमुखीकरण | ८ | | २००,०००।- | गाउँपालिका |
| | | | | | ६००,०००। | |
| जम्मा | | | | | | |

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| (ग) | शिक्षा क्षेत्र | वालविकासका सहजकर्ताहरुलाई पोषण तथा स्वास्थ्य सम्वन्धी अभिमुखीकरण | | | १००,०००। | युरोपियन यनियन |
| | जम्मा | | | | १००,०००। | |
| (घ) | महिला तथा बालबालिका क्षेत्र | विपन्न समुदायका सुनौलो हजार दिनका आमाहरुलाई पोषण सुधारको लागि आयआर्जन कार्यक्रम सञ्चालनका लागि अनुदान | २८ | २५,०००। | ७,००,०००। | युरोपियन युनियन |
| जम्मा | | | | | ७,००,०००। | |
| (ङ) | खानेपानी तथा सरसफाई क्षेत्र | माध्यामिक विद्यालयहरुमा सरसफाई तथा स्वच्छता सम्वन्धी अभिमुखीकरण कार्यक्रम | ७ | १०,०००। | ७०,०००। | युरोपियन युनियन |
| | जम्मा | | | | ७०,०००। | |
| (च) | कृषि क्षेत्र | सुनौलो हजार दिनका आमाहरुलाई तरकारीको विउ वितरण तथा अभिमुखीकरण कार्यक्रम | ८ | १८,७५०। | १,५०,०००। | युरोपियन युनियन |
| | जम्मा | | | | १,५०,०००। | |
| (छ) | पशुपंक्षी विकास क्षेत्र | अनुदान प्राप्त गर्ने समुदायका सुनौलो हजार दिनका आमाहरुलाई पशुपंक्षि पालन र व्यवसाय सम्वन्धि तालिम | १ | ५०,०००। | ५०,०००। | युरोपियन युनियन |
| जम्मा | | | | | ५०,०००। | |
| कुल जम्मा | | | | | २२,००,०००। | |

अन्तमा आजको बैठक शौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो ।

झिमरुक गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ५ वमोजिम प्रमाणित गर्दछु ।

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत